

अनौपचारिक शिक्षा पश्चातको साक्षरता सिकाई

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।

यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८६३१४५०७३
feedback@umn.org.np
feedback.mg@umn.org.np
www.umn.org.np/feedback

**साझेदार संस्थाहरु**

जी.एस.एस.    के.सी.डी.सी.

**कार्यालय**

यू.एम.एन. मुगु क्लष्टर
छायानाथ रारा नगरपालिका
वडा नं. २, गमगढी, मुगु
फोन नं. ०८७ ४६००४३
mugu@umn.org.np
www.umn.org.np







# वार्षिक प्रगति

## यू.एम.एन. मुगु

## २०८०/२०८१

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन

# प्रमुख उपलब्धिहरु


यूनाईटेड मिसन टु नेपाल मुगु क्लष्टर विगत २४ वर्षदेखि मुगु जिल्लामा सामुदायिक विकास र रूपान्तरणका क्षेत्रमा कार्यरत एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । हाल मुगुम कार्मारोङ र सोरु गाउँपालिकहरूका २० वटा वडाहरूमा करानी सामुदायिक विकास केन्द्र (के.सी.डी.सी. नेपाल) र ग्रामीण सामुदायिक संस्था (जी.एस.एस. मुगु) सँगको साझेदारीमा मुगु एकीकृत परियोजना, अपाङ्गता अधिकार र शिक्षा सुदृढीकरण परियोजना, अपाङ्गता भएका बालबालिकाहरूको समुदायमा आधारित एकीकृत व्यवस्थापन, बहुभाषिक शिक्षा परियोजना र मुगु विपद् पुनर्लाभ सहयोग परियोजनाहरू सञ्चालन गरिएका छन् ।

यस वर्षको अवधिमा विभिन्न परियोजनाका क्रियाकलापहरुबाट लाभान्वित भएका व्यक्ति तथा संरचनाहरु

- ४७ — खोज तथा उद्धार तालिम सोरु गाउँपालिका
- २२९ — क्षमता विकास तथा अपाङ्गता समावेशी तालिम
- ४४ — अपाङ्गता भएका बालबालिकाको उपचारमा सहयोग
- ८३ — घरधुरी तथा विद्यालयमा शौचालय निर्माणमा सहयोग
- ११५० — वृक्षारोपण
- १३ — स्वास्थ्य संस्थालाई सामग्री सहयोग
- २८० — ग्याबियन वाल निर्माणमा सहयोग
- ११३ — कृषि सामग्री सहयोग
- ४४९ — २९ वटा विद्यालयमा फर्निचर सहयोग
- ५३ — विद्यालयहरुमा कक्षा कोठा मर्मत
- ३८६ — व्यक्तिलाई आयआर्जनका लागि सहयोग
- १५४ — समूह सदस्यहरुलाई साक्षरता कक्षा संचालन
- ५३ — विद्यालयका शिक्षकहरुलाई प्रारम्भिक बालविकास तथा क्रियाकलापमा आधारित सिकाई क्षमता विकास तालिम

## परियोजनागत खर्च

कुल खर्चः ४,६६,४३,१९८




## बेमौसमी तरकारी खेतीले ल्याएको उत्साह

मुगुम कार्मारोङ गाउँपालिका वडा नं. ५ मा गठन भएको सोटुङ समूहमा २२ जना सदस्यहरू छन्। यो गाउँ भिरालो र चिसो भएकोले वर्षाको समयमा मात्र हरियो सागपात खान पाइन्थ्यो तर हिउँदमा हरियो सागपात उत्पादन गर्ने चलन थिएन । गाउँमा बेमौसमी तरकारी खेती सम्भव छ भन्ने विश्वाससमेत थिएन ।

करानी सामुदायिक विकास केन्द्र नेपालले समूहसँग बेमौसमी तरकारी खेतीको विषयमा छलफल गरी सचेतना जगायो। यसपछि समूहले बेमौसमी तरकारी खेती गर्ने योजना बनायो र संस्थाले सातवटा प्लास्टिक टनेल उपलब्ध गरायो ।

समूहका सात सदस्यहरूले बेमौसममा तरकारी उत्पादन गरेर खान पाए । उत्पादन भएको तरकारी बेचेपछि प्रत्येक सदस्यहरूले बेमौसममा रु २,५०० आम्दानी गरे । यसले अन्य सदस्यहरूलाई पनि बेमौसमी तरकारी खेतीमा आकर्षित गराएको छ । समूहका सदस्यहरूले एक–अर्कालाई सीप र ज्ञान सिकाउँदै सचेतना बढाएका छन् । अब समूहका अन्य ११ सदस्यहरू पनि बेमौसममा तरकारी खेती गर्न उत्साहित भएका छन् ।

